# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क २
(२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)


## कर्णाली प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

कर्णाली प्रदेशको मानव अधिकार अवस्था कस्तो रह्यो भन्ने जानकारी दिने अभिप्रायले इन्सेकले प्रत्येक वर्ष तीन/तीन महिनामा मानव अधिकार स्थिति सूचक प्रकाशन गर्दै आएको छ। सन् २०२४ को (अप्रिलदेखि जुनसम्म) मा कर्णाली प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको तथ्याङ्क सहितको विश्लेषण गरिएको छ।

इन्सेकको अभिलेख अनुसार कर्णाली प्रदेशका १० जिल्लामा सन् २०२४ अप्रिलदेखि जुनसम्मको अवधिमा अन्यपक्षबाट महिला तथा बालबालिका बढी पीडित भए। यस अवधिमा महिला अधिकारका घटनामा १ सय ३ जना महिला पीडित भए। यस अवधिमा ३४ जना बालबालिका पीडित भए।

इन्सेकको अभिलेख अनुसार अन्यपक्षबाट भएका घटनामा कुटपिटबाट ११ जना, बाल अधिकारका घटनामा ३४ जना, अमानवीय व्यवहारबाट दुई जना, घाइते तीन जना, हत्या नौ जना, जातीय विभेद घटनामा दुई जना, महिला अधिकारका घटनामा १ सय ३ जना पीडित भए।

यस अवधिमा कर्णाली प्रदेशमा भएका घटनामध्ये बाल अधिकारका घटनामा २५ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। त्यसै गरी शरीरिक दण्ड सजायबाट दुई जना, यौन दुर्व्यवहार घटनामा ६ जना र बालविवाहका घटनामा एक जना पीडित भए।

कर्णाली प्रदेशमा महिला अधिकार उल्लङ्घनका घटनामा घरेलु हिंसाबाट ८६ जना, बहुविवाह घटनामा ६ जना र बलात्कार घटनामा ११ जना पीडित जना पीडित भएको इन्सेकको अभिलेख गरेको छ । महिला अधिकार उल्लङ्घनका घटनामा घरेलु हिंसा प्रमुखकारण रहेका छन्।

यस अवधिमा परिवारजनबाट जुम्ला पातारासी गाउँपालिका – ३ छुमगाउँकी २६ वर्षीया हाँसु ऐडीले ०८१ वैशाख १५ गते ४८ वर्षीया सौतेनी आमा सुवा महताराको हत्या गरेको आरोपमा प्रहरीले वैशाख १६ गते छुमगाउँबाट गिरफ्तार गऱ्यो । छोरी नाता पर्ने ऐडीले सौतेनी आमा महतारालाई वैशाख १५ गते साँझ ढुङ्गा र धान कुट्ने मुसलले प्रहार गरी हत्या गरेको भन्दै वैशाख

१५ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा दर्ता गरिएको उजुरीमा उल्लेख गरिएको छ।

यसै गरी कर्णाली प्रदेशमा सबै भन्दा बढी महिला हिंसाको घटना बढ्दै गएको देखिन्छ। महिला हिंसा घटना न्यूनिकरणका लागि समुदाय स्तरमै जनचेतनामूलक कार्यक्रम आवश्यक देखिन्छ।

कारागारमा क्षमता भन्दाबढी कैदी रहेको समस्या विगतको जस्तै यस अवधिमा पनि प्राय: सबै जिल्लामा पाइयो। थुनुवा र कैदी एकै ठाउँमा राखिएको, कारागारमा शौचालयको अभाव, खानेपानीको समस्या रहेको अनुगमनका क्रममा पाइयो । कारागारमा कैदीबन्दीहरुको लागि सिपमूलक तालिम सञ्चालन भएपनि बजारिकरणको समस्या रहेको पाइयो।

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कर्णाली प्रदेशका सबै जिल्ला तथा स्थानीयतहमा गठन भई नियमित बैठक बस्नु पर्नेमा अधिकांश जिल्ला तथा पालिकामा भएको छ। समिति गठन सँगै नियमित बैठकमा इन्सेकले सहकार्य तथा समन्वय गरेको थियो। समितिको कार्ययोजना कार्यान्वयन प्रभावकारी रुपमा संचालन हुन सकेको पाइएन।

**नारायण सुवेदी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (अप्रिल–जुन २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | | | | | ३ | ३ | ३ |
| कुटपिट | | | | २ | ९ | ११ | ११ |
| बाल अधिकार | | | | ३२ | २ | ३४ | ३४ |
| जातीय विभेद | | | | १ | १ | २ | २ |
| हत्या | | | | ७ | २ | ९ | ९ |
| महिला अधिकार | | | | १०३ | | १०३ | १०३ |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | २ | २ |
| जम्मा | | | | १४५ | १९ | १६६ | १६६ |

# कर्णाली प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)

### दुर्व्यवहार

#### जाजरकोट

नलगाड नगरपालिका-२ त्रिवेणी स्थित सडक खण्डमा सोही नगरपालिका-६ का वडाध्यक्ष ३७ वर्षीय विरेन्द्र खड्कालाई सोही नगरपालिका-४ बस्ने ३१ वर्षीय भुपाल रावलले ०८१ जेठ ९ गते बिहान मादक पदार्थ सेवन गरी गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्दै पीडितले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले ओरोपितलाई जेठ १० गते गिर्फतार गऱ्यो। जिल्ला प्रशासन कार्यालमा जेठ ११ गते म्याद थप गरी अनुसन्धान भरहेको जिल्ला प्रहरी कार्यालयका इन्पेक्टर माधव विश्वकर्माले बताए।

नलगाड नगरपालिका-२ छेप्का स्थित सडक खण्डमा पर्ने इलाका प्रहरी कार्यालय दल्लीमा कार्यरत प्रहरी सहकायक हवल्दार ३३ वर्षीय विक्रमबहादुर पुनलाई डिउटीमा खटिएको अवस्थामा ०८१ असार ५ गते बारेकोट गाँउपालिका -१ का ३२ वर्षीय विरु नेपालीले गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्दै पीडित पक्षले असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ५ गते गिर्फतार गरयो। आरोपितलाई असार ११ गते जिल्ला प्रशासन कार्यालयले ५ हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डिएस्पी पुरुषोत्त पाण्डेले बताए।

### बाल अधिकार

#### बलात्कार, यौनदुर्व्यवहार

#### हुम्ला

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा प्रहरीले अदानचुली गाउँपालिका-२ का २४ वर्षीय यज्ञराज बुढालाई ०८१ वैशाख ७ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले आरोपितविरुद्ध वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ५ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा बलात्कार मुद्दा दर्ता भएको इन्स्पेक्टर नरेन्द्रबहादुर चन्दले बताए। आरोपितविरुद्ध प्रहरीले वैशाख २७ गते सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलतको वैशाख ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षमाका थुनामा पठायो।

#### जुम्ला

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १६ गते सिंजा गाउँपालिका- ३ का २१ वर्षीय ललि बुढाले बलात्कार गरेको आरोपमा पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा भयो। आरोपितविरुद्ध प्रहरीले सरकरी वकिल कार्यालयमार्फत प्रहरीले जिल्ला अदालत जुम्लामा जेठ ३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३ गतेको आदेशले आरोपित ५० हजार रुपियाँ धरौटीमा तारिखमा रिहा भए।

१६ वर्षीया बालिकालाई ०८१ वैशाख २५ गते पातारासी गाउँपालिका- ४ का २६ वर्षीय धनबहादुर रावतले बलात्कार गरेको आरोपमा वैशाख २७ गते पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालय जुम्लामा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख २७ गते आरोपितको घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २७ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा भयो। प्रहरीले आरोपितविरुद्ध जिलला सरकारी वकिलमार्फत जिल्ला अदालतमा जेठ १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०८१ जेठ २६ गते आफन्त ३२ वर्षीय विशाल दमाईले बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय जुम्ला पीडित पक्षले जेठ २८ गते उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ ३० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २९ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। घटना अनुसन्धाको प्रकृयामा रहेको छ।

## बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२४ अप्रिल–जुनसम्म)

| | |
|---|---|
| विद्यालयमा दिइने शारीरिक सजाय | २ |
| बलात्कार | २५ |
| यौन दुर्व्यवहार | ६ |
| बालविवाह | १ |
| जम्मा | ३४ |

**कालिकोट**

१३ वर्षीया बालिकालाई ०८१ असार १६ गते बलात्कार गरेको आरोपमा नरहरिनाथ गाउँपालिका-८ का ५० वर्षीय चक्रबहादुर विष्टविरुद्ध पीडित पक्षले असार १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १९ गते गिरफ्तार गर्‍यो। दृष्टिविहीन बालिकालाई पीडितको घरमा गएर बलात्कार गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रमुख डिएसपी अर्जुन केसीले बताउनु भयो। पीडित महिलाको स्वास्थ्य परीक्षण असार १९ गते जिल्ला अस्पतालमा भयो।

**दैलेख**

१६ वर्षीया बालिकालाई ०८० चैत २१ गते उनका बुबा ४२ वर्षीय चक्रबहादुर बुढाले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २२ गते दैलेख अस्पतालमा भयो। आरोपित व्यक्ति घटनाकै दिन फरार रहेको उल्लेख गर्दै प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले ०८१ वैशाख १३ गते जिल्ला अदालतमा कर्तव्यज्यान सम्बन्धी अभियोग दर्ता गरायो। आरोपित फरार भएकोले अदालतले म्याद जारी गरेको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

१७ वर्षीया बालिकालाई ०८१ जेठ १० गते डुंगेश्वर गाउँपालिका-२ लाँकुरीका २८ वर्षीय सीताराम बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १३ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले असार ३ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करणी अभियोग दर्ता गरायो। जिल्ला न्यायाधीश लामिछानेको असार ५ गतेको इजलासबाट आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइएको जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

१३ वर्षीया बालिकालाई ०८१ जेठ ८ गते दुल्लू नगरपालिका-१३ मालिकाका ५२ वर्षीय प्रदीप शाहीले यौनदुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ९ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले असार ५ गते दैलेख जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार अभियोग दर्ता गरायो। जिल्ला अदालतका न्यायाधीशको जेठ ६ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटी तारेखमा रिहा गरेको जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

दुई वर्षीया बालिकालाई ०८० वैशाख १९ गते यौनदुर्व्यवहार गरेको आरोपमा नारायण नगरपालिका-९ बासकोटका २२ वर्षीय रोशनकुमार परियारलाई प्रहरीले वैशाख २१ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २१ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले जेठ १९ गते दैलेख जिल्ला अदालतमा बलात्कार सम्वन्धी अभियोग दर्ता गरायो। जिल्ला अदालतका न्यायाधिश बलराम लम्सालको जेठ २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

**जाजरकोट**

१० वर्षीया बालिकालाई ०८१ वैशाख ६ गते बलात्कार गरेको आरोपमा भेरी नगरपालिका -११ का २६ वर्षीय प्रकास महताराविरुद्ध पीडितकी आमाले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०८१ वैशाख ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा वैशाख ६ गते बलात्कार मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवतको वैशाख २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ असार ११ गते बलात्कार गरेको आरोपमा छेडागाड नगरपालिका-१० खल्टाकुरा ३० वर्षीय प्रेमबहादुर मगरविरुद्ध पीडितका दाईले असार १३ जिल्ला जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार १२ गते गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पतालमा भयो।

**रुकुम पश्चिम**

१३ वर्षीया बालिकालाई ०८० चैत २३ गते बलाल्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडितका बुबाले चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरी आरोपितलाई चैत २५ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल मार्फत चैत २६ गते जिल्ला अदालतमा मुद्धा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परिक्षण चैत २५ गते जिल्ला अस्पताल सल्लेमा भयो। जिल्ला अदालतका न्यायाधीस रामप्रसाद बस्यालको ०८१ वैशाख १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह नेपालगन्ज पठाएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख नवराज पोखेलले बताए।

आठ वर्षीया बालिकालाई ०८१ असार ८ गते बलाल्कार गरेको आरोपमा १३ वर्षीय बालकविरुद्ध पीडितको बुबाले असार १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरी आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १२ गते जिल्ला अस्पताल सल्लेमा भयो। जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार १४ गते प्रहरीले जिल्ला अदालतमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीय रामप्रसाद बस्यालको असार २८ गतेको इजलासले आरोपितलाई परिवारको जिम्मामा छोडिएको प्रहरी प्रमुख नवराज पोखेलले बताए।

**सल्यान**

पाँच वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा छत्रेश्वरी गाउँपालिका-२ का २४ वर्षीय नितिन कुमार सार्कीविरुद्ध पीडित पक्षले वैशाख २ गते इलाका प्रहरी कार्यालय थारमारेमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित किशोरीको स्वास्थ्य परीक्षण वैशाख २ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा १७ गते बलात्कार मुद्दा दर्ता गऱ्यो। वैशाख १८ गते भएको थुनछेक बहसपछि जिल्ला न्यायाधीश देव कुमार गिरीको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठायो।

**सुर्खेत**

१२ वर्षीया बालिकालाई ०८१ वैशाख २१ गते बलात्कार आरोपमा वीरेन्द्रनगर नगरपालिका-१२ का ५२ वर्षीय शिवप्रसाद अधिकारीविरुद्ध पीडितकी आमाले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख २३ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २३ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल मार्फत जेठ १० गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको जेठ ११ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठायो।

९ वर्षीया बालिकालाई ०८१ वैशाख २८ गते बलात्कार गरेको आरोपमा ५४ वर्षीय काकाविरुद्ध बालिकाका बाबुले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख ३० गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २९ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल मार्फत जेठ २२ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस हिरण्य प्रसाद भण्डारीको जेठ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको आरोपमा भेरीगंगा नगरपालिका- ११ का १८ वर्षीय हिमाल घर्तिमगरविरुद्ध पीडितका हजुरबुवाले सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ ५ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ४ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जेठ २९ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको

जेठ ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ जेठ ८ गते बलात्कार गरेको आरोपमा गुर्भाकोट नगरपालिका-८ का १८ वर्षीय हरिलाल सुनारविरुद्ध पीडितकी हजुरआमाले जेठ ९ गते इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ९ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत असार २ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको असार ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १३ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-१२ नारायण टोलका २३ वर्षीय प्रदिप विकविरुद्ध पीडित बालिकाले जेठ १५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ १५ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल मार्फत असार ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत सुर्खेतका न्यायाधीस हिरण्यप्रसाद भण्डारीको असार १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १५ गते बलात्कार गरेको आरोपमा दैलेख भगवतीमाई गाउँपालिका-७ स्थायी घर भई हाल वीरेन्द्रनगर नगरपालिका- ६ बस्दै आएका २५ वर्षीय कमल बिकविरुद्ध पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण जेठ १५ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म पनि फरार रहेका छन्।

१५ वर्षीया बालिकालाई ०८१ जेठ १६ गते यौनदुर्व्यवहार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-११ का ४४ वर्षीय ललितबहादुर खड्काविरुद्ध पीडितकी हजुरआमाले जेठ १६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण जेठ १६ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म पनि फरार रहेका छन्।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १३ गते यौनदुर्व्यवहार गरेको आरोपमा लेकवेसी नगरपालिका-१० का १८ वर्षीय विवेक खड्काविरुद्ध पीडित बालिकाले जेठ १६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण जेठ १६ गते प्रदेश अस्पतालमा भयो। हालसम्म पनि आरोपित फरार रहेका छन्।

१३ वर्षीया बालिकालाई ०८१ जेठ २२ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-८ खजुराका ५० वर्षीय टंकबहादुर ज्ञवालीविरुद्ध पीडित बालिकाकी आमाले जेठ २३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा आरोपित विरुद्ध उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ २४ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २३ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध अनुसन्धान गरेर जिल्ला सरकारी वकिलको कार्यालय मार्फत असार १८ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको असार २० गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ २० गते बलात्कार गरेको आरोपमा हुम्ला जिल्ला सिमिकोट गाउँपालिका-६ घर भई हाल वीरेन्द्रनगर नगरपालिका-९ बस्दै आएका ३२ वर्षीय सुरेन्द्र रोकायविरुद्ध पीडित बालिकाले जेठ २१ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २१ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय मार्फत असार १४ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस हिरण्यप्रसाद भण्डारीको असार १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ जेठ २६ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-११ झुप्राका २० वर्षीय विशाल वैगारविरुद्ध पीडितले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २७ गते प्रदेश अस्पतालमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालय मार्फत असार १८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको असार २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ असार १ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-२ कोलडाँडाका २६ वर्षीय विशाल विश्वकर्माविरुद्ध पीडितले असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण असार २ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म पनि फरार रहेका छन्।

१७ वर्षीया बालिकालाई कनकासुन्दरी गाउँपालिका-५ स्थायी घर भई हाल वीरेन्द्रनगर.-५ बस्ने २४ वर्षीय राजेन्द्र बडुवालले ०८१ असार २ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपित विरुद्ध असार ४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण असार ४ गते प्रदेश अस्पतालमा भयो। हालसम्म पनि आरोपित फरार रहेका छन्।

१६ वर्षीया बालिकालाई ०८१ असार ५ गते दाङ बबई नगरपालिका-६ स्थायी घर भई गुर्भाकोट नगरपालिका-६ मा बस्दै आएका २० वर्षीय पोषण सुनारले ०८१ असार ४ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध असार ५ गते इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दिइन्। सोही दिन आरोपितलाई प्रहरीले गिरफ्तार गर्यो। बालिकाको स्वास्थ्य परीक्षण असार ५ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले अनुसन्धान गरेर जिल्ला सरकारी वकिलको कार्यालय मार्फत असार २८ गते मुद्दा दायर गर्यो। असार २९ गते जिल्ला अदालत सुर्खेतका न्यायाधीस हिरण्यप्रसाद भण्डारीको इजलासले पुर्पक्षका लागि कारागार पठायो।

१६ वर्षीया बालिकालाई वीरेन्द्रनगर नगरपालिका-२ का ३१ वर्षीय बमबहादुर विकले ०८१ असार ९ गते बालिकाको कोठामा गई बलात्कारको प्रयास गरे आरोपमा पीडितले आरोपित विरुद्ध असार १० गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण असार १० गते प्रदेश अस्पतालमा भयो। घटना लगत्तै फरार रहेका आरोपित हालसम्म पनि गिरफ्तार भएका छैनन्।

१४ वर्षीया बालिकालाई भेरीगंगा नगरपालिका-५ का १९ वर्षीय दिपक विकले ०८१ असार ६ गते बाल यौन दुरूपयोग गरेको आरोपमा बालिकाकी आमाले असार ७ गते आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दिइन्। आरोपित हालसम्म पनि फरार रहेका छन्।

## बालविवाह

### सुर्खेत

गुर्भाकोट नगरपालिकाका १७ वर्षीय बालक र जाजरकोट भेरी नगरपालिका स्थायी घर भई गुर्भाकोटमा बस्दै आएकी १५ वर्षीया बालिकाले वैशाख १२ गते बाल बिवाह गरेपछि वैशाख १३ गते आरोपितलाई प्रहरीले गिरफ्तार गरेर बालविवाह बदर गरी अभिभावकको जिम्मा लगाएको थियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### जुम्ला

२१ वर्षीया महिलालाई ०८१ वैशाख १६ गते बलात्कार गरेको आरोपमा चन्दननाथ नगरपालिका - ८ का २० वर्षीय अन्तिम कामीविरुद्ध पीडितका आफन्तले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १६ गते घरबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २२ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा भयो। प्रहरी आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत जेठ ७ गते जिल्ला अदालत जुम्लामा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### दैलेख

२५ वर्षीया महिलालाई ०८१ वैशाख ६ बलात्कार गरेको आरोपमा गुराँस गाउँपालिका-४ बराहका २१ वर्षीय धनबहादुर खड्काविरुद्ध पीडित पक्षले वैशाख ७ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख ७ गते घरबाटै गिरफ्तार गर्‍यो। सोही घटनामा गुराँस गाउँपालिका-४ बराहकै २५ वर्षीय भूपेन्द्र शाहीले कुटपिट गरेको बलात्कारमा सघाएको भनी पीडित पक्षले दिएको उजुरीपश्चात् प्रहरीले उनलाई वैशाख १९ गते घरबाट गिरफ्तार गर्‍यो। पीडित युवतीको स्वास्थ्य परीक्षण वैशाख ७ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालयले वैशाख ३१ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करणी अभियोग मुद्दा दर्ता गरायो। जिल्ला न्यायाधीश बलराम लम्सालको जेठ २ गतेको इजलासबाट धनबहादुरलाई पुर्पक्षका लागि थुनामा पठाइएको र भूपेन्द्रलाई १ लाख रुपियाँ धरौटीमा रिहा गरिएको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए।

७१ वर्षीया एकल महिलालाई ०८० चैत २१ गते बलात्कार गरेको आरोपमा भगवतीमाई गाउँपालिका-१ पगनाथका ३५ वर्षीय रेशमबहादुर दमाईविरुद्ध पीडित पक्षले चैत २४ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत २४ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडित युवतीको स्वास्थ्य परीक्षण चैत २४ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत वैशाख १६ गते दैलेख जिल्ला अदालतमा बलात्कार सम्बन्धी अभियोग दर्ता

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२४ को अप्रिल–जुन)**

| | |
|---|---|
| बलात्कार | ११ |
| घरेलु हिंसा | ८६ |
| बहुविवाह | ६ |
| जम्मा | १०३ |

गरायो। जिल्ला अदालतका न्यायाधीश बलराम लम्सालको वैशाख १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

### जाजरकोट

३९ वर्षीया महिलालाई ०८१ जेठ २ गते राती बलात्कार गरेको आरोपमा नलगाड नगरपालिका-८ बस्ने ३९ वर्षीय विरेन्द्र बहादुर शाहीविरुद्ध पीडितले जेठ ३ जिल्ला प्रहरी कार्यालय उजुरी दिए। आरोपित जेठ ४ गते आफै जिल्ला प्रहरी कार्यालयमा उपस्थित भए। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा जेठ २७ गते बलात्कार मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवतको जेठ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### सल्यान

४३ वर्षीया महिलालाई ०८१ असार १९ गते बलात्कार गरेको आरोपमा त्रिबेणी गाउँपालिका-३ टोट्केका ४२ वर्षीय टोपबहादुर वलीविरुद्ध पीडित पक्षले असार २० गते इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दिए। आरोपितलाई प्रहरीले असार २० गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण असार २० गते सल्यान अस्पतालमा भयो। हाल यस घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनायो।

### सुर्खेत

२९ वर्षीया महिलालाई ०८१ वैशाख २३ गते पति ३२ वर्षीयले बलात्कार गरेको भन्दै पीडित महिलाले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते प्रदेश अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल मार्फत जेठ १९ गते मुद्दा दायर गऱ्यो। जिल्ला अदातलतका न्यायाधीस मनोजकुमार श्रेष्ठको जेठ २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई ०८१ जेठ २ गते बलात्कार गरेको आरोपमा भेरीगंगा नगरपालिका-७ का ५५ वर्षीय रमेश बस्यालविरुद्ध पीडितकी दिदीले जेठ ३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ४ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ३ गते प्रदेश अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल मार्फत जेठ २७ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको जेठ २८ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठायो।

२७ वर्षीया महिलालाई ०८१ जेठ २० गते बलात्कार गरेको आरोपमा चिङ्गाड गाउँपालिका-५ अवलचिङका ४१ वर्षीय हर्क बहादुर सुनारविरुद्ध पीडित महिलाले जेठ २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ २५ गते प्रदेश अस्पतालमा भयो। उजुरी दिएको थाहा पाएपछि आरोपित हालसम्म पनि फरार रहेका छन्।

२० वर्षीया युवतीलाई ०८१ जेठ २७ गते बलात्कार गरेको आरोपमा दैलेख भगवतीमाइ गाउँपालिका-६ स्थायी घर भई वीरेन्द्रनगर-८ मा बस्दै आएका २४ वर्षीय राजेन्द्र बहादुर विकविरुद्ध पीडितले जेठ २८ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण जेठ २८ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म पनि फरार रहेका छन्।

१९ वर्षीया युवतीलाई ०८१ जेठ २९ गते बलात्कार गरेको आरोपमा लेकवेशी नगरपालिका-८ का १९ वर्षीय लोकेश अन्नागीविरुद्ध पीडितपक्षले जेठ ३० गते

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ३१ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ३० गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय मार्फत असार २४ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको असार २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४९ वर्षीया महिलालाई ०८१ जेठ २१ गते बाबियाचौर बजारबाट घर तर्फ जाने क्रममा एक्कासी मुखमा मास्क लगाएका तीन जना अपरिचित व्यक्तिहरुले झाडीमा लिएर पालैपालो बलात्कार गरेर आरोपमा पीडित महिलाले जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ २४ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले अनुसन्धान गरिरहेको छ। हालसम्म पनि आरोपित पहिचान हुन सकेका छैनन्।

## परिवारजनबाट हत्या

### जुम्ला

पातारासी गाउँपालिका - ३ छुमगाउँकी २६ वर्षीया हाँसु ऐडीले ०८१ वैशाख १५ गते ४८ वर्षीया सौतेनी आमा सुवा महताराको हत्या गरेको आरोपमा प्रहरीले वैशाख १६ गते छुमगाउँबाट गिरफ्तार गऱ्यो। छोरी नाता पर्ने ऐडीले सौतेनी आमा महतारालाई वैशाख १५ गते साँझ ढुङ्गा र धान कुट्ने मुसलले प्रहार गरी हत्या गरेको भन्दै वैशाख १५ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा दर्ता गरिएको उजुरीमा उल्लेख गरिएको छ। शवको पोष्टमार्टम वैशाख १६ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भएको र पोष्टमार्टमपछि शव आफन्तलाई बुझाएको डिएसपी कामतीले बताए। जिल्ला सरकारी वकिल कार्यालयमार्फत प्रहरीले जिल्ला अदालत जुम्लामा जेठ २ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा फैसला भएको छैन।

### सल्यान

बनगाड कुपिण्डे नगरपालिका-४ देउलीकी ३२ वर्षीया कमला बुढाको ०८१ वैशाख ३० गते धारिलो हतियार प्रहार गरेर ३४ वर्षीय पति मनोज बुढाले हत्या गरे। पत्नीलाई धारिलो हतियार बन्चरोले घाँटीमा प्रहार गरेर हत्या गरेका पतिले सोही दिन घर पछाडिको बलीमा झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर भवानी प्रसाद धमलाले जानकारी दिए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा वैशाख ३१ गते गरी परिवारले बुझी सोही दिन हिन्दु धार्मिक परम्परा अनुसार सदगत् गरे। मानसिक स्वास्थ्य ठिक नभएका कारण पत्नीको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ।

सिद्ध कुमाख गाउँपालिका-४ सागिनेकी २७ वर्षीया केवली राणाको ०८१ जेठ १ गते पति ३२ वर्षीय केशव राणाले धारिलो हतियार प्रहार गरी हत्या गरे। १३ दिने सुत्केरी पत्नीलाई धारिलो हतियार बन्चरोले घाँटीमा प्रहार गरेर हत्या गरेका पतिले सोही दिन घर नजिकैको रुखमा झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर भवानी प्रसाद धमलाले जानकारी दिए। शवको जिल्ला अस्पतालमा जेठ २ गते पोष्टमार्टम गरी परिवारले अस्पतालबाट सोही दिन बुझी हिन्दु धार्मिक परम्परा अनुसार सदगत् गरे। आर्थिक अवस्था कमजोर, मदिरा सेवन र मानसिक स्वास्थ्य ठिक नभएका कारण पत्नीको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ।

## सबैप्रकारका जातीय विभेद

### सुर्खेत

चौकुने गाउँपालिका-१० स्थायी घर भई वीरेन्द्रनगर नगरपालिका-४ मा चौकुने दाजुभाई खाजा घर सञ्चालन गर्दै आएकी ३१ वर्षीया मिना विकलाई कालिकोट सान्नीत्रिवेणी गाउँपालिका स्थायी घर भई वीरेन्द्रनगर नगरपालिका- ४ बस्ने ३५ वर्षीय गंगाराम सुवेदीले ०८१ असार ३ गते जातिय विभेद गर्दै हातपात गरेको भन्दै पीडितले असार ५ गते आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालय सुर्खेतमा जातीय विभेदको उजुरी दिइन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीस मनोजकुमार श्रेष्ठको असार १७ गतेको इजलासले आरोपितलाई ७५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

वीरेन्द्रनगर नगरपालिका-७ का ४५ वर्षीय टिकारकाम विश्वकर्मालाई ०८१ जेठ २८ गते राति साढे ११ बजे वीरेन्द्रनगर-३ स्थित सुर्खेत अस्पतालमा सोही ठाउँका ३५ वर्षीय भक्तबहादुर शाहीले जातीय विभेद गरे। पीडितले आफुलाई जेठ ३० गते सुर्खेत अस्पतालका व्यवस्थापक समेत रहेको शाहीले जातीय विभेद गर्दै जागिरबाट निकालेको भन्दै आरेपित विरुद्ध जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए। पीडित सुर्खेत अस्पतालमा सुरक्षा गार्डका रूपमा कार्यरत थिए। आरोपितलाई प्रहरीले जेठ ३२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध

असार ५ गते जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालले असार ६ गते जिल्ला अदालतमा अभियोजन दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीस हिरण्यप्रसाद भण्डारीको असार ९ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### तोडफोड

**हुम्ला**

सिमकोट गाउँपालिका-५ को तल्लो गाउँमा निर्माण गरिएको सूचना केन्द्र भवनमा अपिरिचत समूहद्वारा तोडफोड भयो। ०८१ वैशाख ७ गते देखि नियमित रुपमा सो भवन अज्ञात पक्षले तोडफोड गर्दै आएको वडा अध्यक्ष चिनबहादुर रावतले जानकारी दिए। आर्थिक वर्ष ०७९/०८० मा निर्माण भएको सूचना केन्द्रको तीनकोठे पक्की भवनको झ्याल, ढोका र झ्यालमा लगाइएको सिसा समेत फुटाएको वडा अध्यक्ष रावतले बताए। सघन सहरी विकास कार्यालय, जुम्लाले २०७८ सालदेखि सूचना केन्द्र भवनको निर्माण कार्य सुरु गरेको थियो। कार्यालयका सब इन्जिनियर विमल रावतले भवन अपूर्ण रहेका कारण त्यसलाई पूर्ण बनाउन निर्माण कम्पनीलाई ताकेता गरिएको र बाँकी भुक्तानी रोकिएको बताए। आरसिसि पक्की भवन भए पनि अहिले अपिरिचत समूहले तोडफोड गरेका कारण भवन निर्माण कार्यमा पुनः समस्या देखिएको सब इन्जिनियर रावत बताए। भवन तोडफोड गरिएका विषयमा वडा अध्यक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा जानकारी गराइ सकेको र तोडफोडमा संलग्नहरू असार ३१ गतेसम्म फेला नपरेको र खोजीकार्य भइरहेको इन्स्पेक्टर नेरन्द्रबहादुर चन्दले बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कर्णाली प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार/संयोजन/सम्पादन** : नारायण सुवेदी

वीरेन्द्रनगर नगरपालिका–७, इत्राम, सुर्खेत, फोन : ०८३–५२१४८९

इमेल : surkhet@insec.org.np, Website : www.inseconline.org